# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालय, “निर्धन भवन,” भगवतीबहाल, नक्साल, काठमाण्डौ
फोन नं: ९७७-१-४४१३७११,४४१३८४०, फ्याक्स: ९७७-१-४४१३८५६, Email: info@nirdhan.com.np

## बाइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/१०/३०** -cflys /fli6« b}lgs_

**श्री शेयरधनी महानुभावहरु,**

यस संस्थाको संचालक समितिको मिति २०७७/१०/२७ गते बसेको २७१औं बैठकको निर्णयानुसार यस संस्थाको बाइसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न बिषयहरुमा छलफल तथा निर्णय गर्न भर्चुअल माध्यमबाट संचालन हुने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(क) साधारण सभा हुने मिति, समय र स्थान :**

| | | |
|---|---|---|
| मिति | : | २०७७/११/२५ गते मंगलबार, तदनुसार मार्च ९, २०२१ । |
| समय | : | दिउसो १:०० बजे । |
| स्थान | : | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय नक्साल भगवतीबहाल काठमाडौंबाट भर्चुअल मार्फत सभा संचालन हुनेछ । |

(कोभिड १९ संक्रमणको जोखिमका कारण शेयरधनी महानुभावहरुलाई भर्चुअल (ZOOM) को माध्यमबाट सभामा सहभागी हुन अनुरोध गरिएको छ । मिटिङ्गको लिङ्क शेयरधनी महानुभावहरुको इमेलमा पठाइनेछ ।)

**(ख) छलफलको विषय सूची :**

**(अ) सामान्य प्रस्तावः**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत गरिने आर्थिक वर्ष २०७६/२०७७ को संस्थाको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७६/२०७७ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

(३) संस्थाको संचालक समितिले प्रस्ताव गरे अनुरुप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजीको ०.६८४२१०५ प्रतिशतले हुनआउने रकम रु. १,०२,६३,१५८।- (अक्षरेपी एक करोड दुई लाख त्रिसठ्ठी हजार एक सय अन्ठाउन्न मात्र) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७७/०७८ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(५) संस्थाको संचालक समितिका सदस्यहरुको मनोनयन/नियुक्ति अनुमोदन गर्ने ।

**(आ) विशेष प्रस्तावः**

(१) यस संस्थाको अधिकृत पूंजी रु. २ अर्बबाट वृद्धि गरि रु. ३ अर्ब पुऱ्याउने प्रस्ताव स्वीकृत गर्ने ।

(२) संचालक समितिबाट सिफारिश भए बमोजिम आ.व. २०७६/०७७ को मुनाफाबाट हाल कायम संस्थाको चुक्ता पूँजीको १३ प्रतिशतले हुन आउने रकम रु. १९,५०,००,०००।- (अक्षरेपी उन्नाइस करोड पचास लाख मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।

(३) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त “घ” वर्गका एक वा एकभन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(४) संस्थाको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पँजी वृद्धि गर्नेः प्रस्तावित बोनस शेयर जारी भए पश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(५) संस्थाको प्रबन्धपत्रमा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

(६) संस्थाको प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी दिने ।

**(ग) विविध ।**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी सामान्य जानकारीः**

१. बाइसौं वार्षिक साधारण सभा बोनस शेयर तथा नगद लाभांश प्रयोजनका लागि संस्थाको शेयर दाखिल खारेजको काम मिति २०७७/११/११ गतेदेखि २०७७/११/२५ गतेसम्म बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७७/११/१० गतेसम्म कारोवार भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भागलिन तथा आ.व. २०७६/०७७ को नगद लाभांश पाउन योग्य हुनेछन् ।

२. कोभिड-१९ को जोखिम कायमै रहेको वर्तमान सन्दर्भमा नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना गर्न भर्चुअल (ZOOM) को माध्यमबाट सभामा सहभागी भईदिनु हुन शेयरधनीहरुमा अनुरोध छ ।

३. भर्चुअल माध्यमबाट सहभागी शेयरधनीहरुलाई सभा हलमा उपस्थिति भए सरह मान्यता दिइनेछ र शेयरधनीहरुको भर्चुअल सहभागीताको आधारमा सभाको गणपुरक संख्या कायम गरिनेछ ।

४. भर्चुअल माध्यमबाट सहभागी शेयरधनीहरुको हाजिरी निजहरुले गरेको Login मार्फत Login भएको देखिने गरी प्रमाणका निमित्त फोटो खिचेर तथा सभा संचालन अवधिभरको भिडियो रेकर्ड गरेर राखिनेछ ।

५. भर्चुअल माध्यमबाट सभामा सहभागी हुन तथा सुझाव राख्न इच्छुक शेयरधनीहरुले यस संस्थाको वेवसाईटमा साधारण सभाको सूचनासँगै राखिएको पोर्टल/लिंकमा गई सभा हुनुभन्दा ४८ घण्टा अगावै आफ्नो विवरण दर्ता गराउनुहुन वा agm@nirdhan.com.np मा इमेल गरी आफ्नो विवरण पठाउनुहुन अनुरोध छ । यसरी विवरण दर्ता वा पठाउनु हुने शेयरधनीहरुलाई सभाको Meeting ID र Passcode तथा लिंक र वार्षिक प्रतिवेदनको सफ्टकपी उपलब्ध गराइनेछ ।

६. साधारण सभामा सहभागी हुनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडी कम्पनीको शेयर संचालक समितिको सचिवालयमा दर्ता गराई सक्नुपर्नेछ । संस्थाको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एक भन्दा बढी ब्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन । यसरी दिइएको प्रोक्सी सबै बदर हुनेछन् । रितपूर्वक नियुक्त भएको प्रतिनिधीलाई मात्र सभामा सहभागी गराईने व्यवस्था गरिनेछ ।

७. एकजना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस भन्ने छुटै पत्र सहित प्रोक्सी फाराम कम्पनीको केन्द्रीय कार्यालयमा सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ ।

८. दफा ५ र ६ मा उल्लेखित दिन कुनै सार्वजनिक बिदा पर्न गएमा पनि सो दफाहरुमा उल्लेखित प्रयोजनको निमित्त कम्पनी कार्यालय खुल्ला रहनेछ ।

९. प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी आफै सभामा सहभागी हुन चाहेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

१०. एक भन्दा बढी ब्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछ ।

११. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीको तर्फबाट संस्थाको शेयर दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइसकेका महानुभावहरुले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नुहुनेछ ।

१२. संगठित संस्थाका शेयरधनी भएमा त्यस्ता संगठित संस्थाहरुद्धारा मनोनित व्यक्तिले ल्याउने प्रोक्सी फाराममा संस्थाको छाप र आधिकारीक व्यक्तिको दस्तखत हुनु पर्नेछ ।

१३. शेयरधनी तथा शेयरधनीका प्रतिनिधिले Chat Box बाट समेत आफ्नो सुभाव तथा जिज्ञासा राख्न सक्नुहुनेछ ।

१४. साधारण सभामा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र संस्थाको केन्द्रीय कार्यालय संचालक समिति सचिवालयमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ । साथै अन्य जानकारीको लागि संस्थाको वेवसाईट www.nirdhan.com.np मा समेत हेर्नुहुन अनुरोध गर्दछौं ।

**शेयरधनी महानुभावहरुलाई जानकारी**

१. आ.व. २०७५/०७६ र सो भन्दा अगाडिको लाभांश तथा बोनस शेयर नलिनु भएका शेयरधनीहरुले यस संस्थाका शेयर रजिष्ट्रार एनआइबिएल एस क्यापिटल लिमिटेड लाजिम्पाट, काठमाडौंबाट लिनु हुन अनुरोध छ ।